कृष्णपुर राजपत्र

कृष्णपुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड : २, सुदुरपश्चिम प्रदेश, गुलरिया, कञ्चनपुर, आषाढ ३० गते सोमबार, २०७६ साल संख्या : १

**भाग :- १**

# कृष्णपुर नगरपालिकाको विनियोजन ऐन, २०७६

**कृष्णपुर नगरपालिका कञ्चनपुरको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**सभाबाट स्वीकृत मिति : २०७६/०३/२७**

## प्रस्तावना :

कृष्णपुर नगरपालिका, कञ्चनपुरको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कृष्णपुर नगरपालिका, कञ्चनपुरको नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " कृष्णपुर नगरपालिका, कञ्चनपुरको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७७,८७,९७,४६०।- (अक्षरेपी सत्तहत्तर करोड सतासी लाख सन्तानब्बे हजार चार सय साठी रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त कृष्णपुर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनुपर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधान २०७२ को धारा २२९ (२) बमोजिम
**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | आन्तरिक आय | | | | १७८६३६०६५.८ |
| २ | | वित्तिय समानीकरण संघीय | | | | १५९६००००० |
| ३ | | वित्तिय समानीकरण प्रदेश | | | | ७६८८००० |
| ४ | | राजश्व बाँडफाँड संघीय | | | | १३५३००००० |
| ५ | | सवारी साधनको राजश्व बाँडफाँड प्रदेश सरकार | | | | ३३१२००० |
| ६ | | विषयगत शाखा सशर्त | | | | १५१४००००० |
| ७ | | सामाजिक सुरक्षा | | | | ८५०००००० |
| ८ | | गरिब सँग विश्वेश्वर | | | | ४०००००० |
| ९ | | प्रधानमन्त्री रोजगार कार्यक्रम | | | | ८०००००० |
| १० | | प्राकृतिक स्रोतको बाडफाँड जिल्ला समन्वय समिति | | | | ५८६१३९४.२ |
| ११ | | सडक बोर्ड संघीय सरकार | | | | ५०००००० |
| १२ | | तराई मधेश समृद्धि कार्यक्रम | | | | ८०००००० |
| १३ | | स्थानीय पुर्वाधार विकास कार्यक्रम संघीय सरकार | | | | १६०००००० |
| १४ | | स्थानीय पुर्वाधार विकास कार्यक्रम संघीय सरकार | | | | ११०००००० |
| | | कुल जम्मा :- | | | | ७७८७९७४६० |

**आर्थिक वर्ष २०७६/०७७ को लागि प्रस्तावित वार्षिक बजेट**

| क्र.सं. | आम्दानी शीर्षक | रकम रु. | क्र.सं. | खर्च शिर्षक | रकम रु. |
|---|---|---|---|---|---|
| १ | आन्तरिक आय | १७८६३६०६५.८ | १ | आन्तरिक आय तर्फको | |
| २ | वित्तिय समानीकरण संघीय सरकार | १५९६००००० | १.१ | चालु खर्च | |
| ३ | वित्तिय समानीकरण प्रदेश सरकार | ७६८८००० | १.२ | पुँजीगत खर्च | |
| ४ | राजश्व बाँडफाँड संघीय सरकार | १३५३००००० | १.३ | समपुरक कोष | |
| ५ | सवारी साधनको राजश्व बाँडफाँड प्रदेश सरकार | ३३१२००० | १.४ | विभाज्य कोष | |
| ६ | विषयगत शाखा सशर्त | १५१४००००० | १.५ | विभिन्न कोषहरुमा विनियोजन | |
| ७ | सामाजिक सुरक्षा | ८५०००००० | १.६ | राजश्व बाँडफाँड | |
| ८ | गरिब सँग विशेश्वर | ४०००००० | २ | चालु खर्च | |
| ९ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ८०००००० | २.१ | वडा कार्यालय तर्फ | |
| १० | प्राकृतिक स्रोतको बाडफाँड जिल्ला समन्वय समिति | ५८६१३९४.२ | २.२ | नगरपालिका तर्फ | |
| ११ | सडक बोर्ड संघीय सरकार | ५०००००० | ३ | पुँजीगत खर्च | |
| १२ | तराई मधेश समृद्धि कार्यक्रम | ८०००००० | ४ | वित्तिय समानीकरण | |
| १३ | स्थानीय पुर्वाधार विकास कार्यक्रम संघीय सरकार | १६०००००० | ५ | विषयगत शसर्त अनुदान | |
| १४ | स्थानीय पुर्वाधार विकास कार्यक्रम संघीय सरकार | ११०००००० | ६ | सामाजिक सुरक्षा | |
| | कुल जम्मा :- | ७७८७९७४६० | | कुल जम्मा :- | ७७८७९७४६० |

**आज्ञाले**
**विष्णु दत्त भट्ट**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**